म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७ | मंगलबार ३१ साउन २०७९ | ने. सं. ११४२ गुँलागा | 16 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जगा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

### प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको सरगर्मी बढ्यो
# एमालेमा घटे उम्मेदवार आकांक्षी

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ देशमा संघीयता स्थापनापछि स्थानीय तहको दोस्रो चिर्वाचन भर्खरै सकिएको छ । गत ३० वैशाखमा स्थानीय तह निर्वाचन सकेर आगामी ४ मंसिरका लागि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन घोषणा भएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि राजनीतिक दलहरु आफ्नो तयारीमा जुटिसकेका छन् । दलहरु निर्वाचन परिचालन कमिटी बनाउनदेखि घोषणा पत्रको तयारीमा छन् । उम्मेदबार आकांक्षीहरुले पनि आफ्नो तयारी थालिसकेका छन् ।

मकवानपुरमा गठबन्धनका उम्मेदवारहरुले पार्टीमा लबिङ गरिसके । तर, नेकपा एमाले मकवानपुरमा भने आकांक्षीहरु नदेखिएको चर्चा हुन थालेको छ । हालै सम्पन्न स्थानीय तह निर्वाचनमा अघिल्लो निर्वाचनको उपलब्धि जोगाउन नसकेको एमालेलाई ठूलो धक्का लागेको थियो ।

२०७४ सालको निर्वाचनमा जिल्लाका १० पालिकामध्ये बहुमत स्थानीय तह र जिससमा एकल निर्वाचन जितेको एमाले हाल सानो उपलब्धिमा चित्त बुझाउन बाध्य छ । अघिल्लो निर्वाचनमा हेटौंडा उपमहानगरपालिका, मकवानपुर गढी, मनहरी, कैलाश, इन्द्रसरोबर र भीमफेदी गाउँपालिकामा एमालेबाट अध्यक्ष र उपाध्यक्ष नै जितेका थिए । हाल यी स्थानीय तहहरुमध्ये इन्द्रसरोबरमा एमालेका अध्यक्ष/उपाध्यक्ष मात्रै जितेका छन् भने भीमफेदीमा अध्यक्ष मात्रै बिजयी भए । बाँकी स्थानीय तहमा एमाले पराजित भयो । ०७४ मा बागमती र बकैया गाउँपालिकामा उपाध्यक्ष एमालेले जितेको थियो । त्यो उपलब्धि पनि एमालेले हाल गुमाएको छ ।

> **हालै सम्पन्न स्थानीय तह निर्वाचनमा अघिल्लो निर्वाचनको उपलब्धि जोगाउन नसकेको एमालेलाई ठूलो धक्का लागेको थियो ।**

जिल्ला समन्वय समिति मकवानपुरमा एमालेले पराजय व्यहोर्‍यो । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टीलगायतको गठबन्धनसँग एमाले साना दललाई साथमा लिएर निर्वाचनमा लडेको थियो । तर, एमालेले अपेक्षा गरेभन्दा फरक नतिजा आयो । एमाले मकवानपुरमा गठबन्धनसँग निर्वाचन लड्दा बिजयी हुन नसक्ने मनोविज्ञानको असर आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा पर्ने आंकलन छ । एमालेकै एक जिल्ला सदस्यका अनुसार आगामी निर्वाचनमा आकांक्षीहरु नदेखिएका हुन् । 'गठबन्धनसँग निर्वाचन हार्ने डरले पनि हाम्रो पार्टीमा विगतमा जस्तो उम्मेदवारका आकांक्षीहरु देखिएका छैनन् । पहिला निर्वाचन घोषणा भएपछि ठूलो हल्लाखल्ला हुन्थ्यो, अहिले सुनसान छ', ती जिल्ला सदस्यले भने ।

निर्वाचनमा ठूलै रकम खर्च गर्नुपर्ने अवस्था रहेको र जित्ने सम्भावना कम रहेकोले आकांक्षीहरु नदेखिएको उनले जानकारी दिए । मकवानपुरमा वर्षौंदेखि एमालेबाट निर्वाचन जित्दै आएका प्रतिनिधिसभा क्षेत्र नम्बर १ का सांसद् तथा अर्थ विकास समिति सभापति कृष्णप्रसाद दाहाल नै आगामी निर्वाचनमा सहभागी नहुने सम्भावना बढेको एमाले मकवानपुरका एक सचिवालय सदस्यले जानकारी दिए । उनका अनुसार दाहालले निर्वाचन नलड्ने भन्दै अफूनिकट नेताहरुलाई बताएका छन् ।

दाहाल १ नम्बर क्षेत्रका प्रभावशाली नेता हुन् । उनले अघिल्लो निर्वाचनमा राप्रपा नेपालका अध्यक्ष कमल थापालाई पराजित गरेका थिए । थापालाई हराउने दाहाल आगामी निर्वाचनमा 'ब्याक' हट्ने सम्भावना देखिएको एमालेकै नेताहरु बताउँछन् । १ नम्बर क्षेत्रबाटै एमालेले कमल थापालाई उम्मेदवार बनाउन पनि सक्ने नेताहरु बताउँछन् । राप्रपा नेपालका अध्यक्ष थापाले एमालेसँग निर्वाचनका सम्बन्धमा छलफल गरेको जनाइएको छ । २ नम्बर क्षेत्रबाट एमाले बागमती प्रदेशका उपमहासचिव महेश बर्तौलाले दाबी गरिरहेका छन् । सम्भवत: आगामी निर्वाचनमा सार्वजनिक रुपमै एमालेबाट दाबी गर्ने बर्तौला पहिलो हुन आउँछन् । हालसम्म एमालेका कुनैपनि नेताहरुले निर्वाचन लड्ने सार्वजनिकरुपमा घोषणा गरिसकेका छैनन् ।

३० वैशाखमा भएको स्थानीय तह निर्वाचनमा एमालेलाई उम्मेदवार टुंगयाउन हम्मेहम्मे परेको थियो । हेटौंडा उपमहानगरमा मात्रै ९ जनाले दाबी गरेका थिए । एमाले केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज रामेश्वर राना, जिसस मकवानपुरका निवर्तमान प्रमुख रघुनाथ खुलाल, पार्टी अध्यक्ष एकालाल श्रेष्ठलगायतले मेयरमा दाबी गरेका थिए । तर, आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा स्थानीय तहमा जसरी आकांक्षीहरु नदेखिने एक जिल्ला सदस्यले बताए । 'स्थानीय तह निर्वाचनमा उम्मेदवार छान्न धेरै गाह्रो भएको थियो । ठूलादेखि सानासम्म उम्मेदबार बन्न लाग्नु भएको थियो । अबको निर्वाचनमा यस्तो हुँदैन । अहिलेसम्म कसैले चासो देखाएको हामीलाई थाहा छैन', ती नेताले भने ।

एमाले केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज रामेश्वर राना भने आकांक्षी नदेखिएको विषयमा सत्यता नरहेको बताउँछन् । उनले पार्टी उम्मेदवार छनौटको प्रक्रियामै प्रवेश नगरेको र स्थानीय तहमा पार्टी सुदृढीकरण अभियान सञ्चालन भइरहेकोले आकांक्षीको विषयमा जानकारी नभएको बताए । 'आकांक्षी नै नभएको विषय बजारको चर्चा र हल्ला हो । त्यसमा कुनै सत्यता छैन, त्यो अर्थहीन छ', रानाले भने । एमाले जिल्लाको एक नम्बर पार्टी भएको र जनताले एमालेलाई नै जिताउने रानाको दाबी छ । उनले एमाले बलियो ढंगले बिजयी भावनाका साथ निर्वाचनमा अगाडि बढ्ने बताए ।

## स्वास्थ्य संस्थाहरुको सेवा प्रवाह 'स्मार्ट' हुनुपर्छः *मन्त्री लामा*

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले जनतालाई स्वास्थ्य सेवा पुर्‍याउने स्वास्थ्य संस्थाहरुको सेवा प्रवाह 'स्मार्ट' हुनुपर्ने बताएका छन् ।

स्वास्थ्य मन्त्रालय अन्तर्गतका कार्यालयहरुको बार्षिक समिक्षा बैठक एवम् मन्त्रालयको प्रदेशस्तरीय समस्या समाधान समितिको बैठकमा बोल्दै मन्त्री लामाले जनतालाई स्वास्थ्य सेवा पुर्‍याउने स्वास्थ्य संस्थाहरुको सेवा प्रवाह 'स्मार्ट' हुनुपर्ने भन्दै उनले यसतर्फ लाग्न सबै निकाय आजैबाट कार्ययोजनाअनुसार अघि बढ्नुपर्नेमा जोड दिएका हुन् । उनले सबैको प्रयासमा कोभिड-१९ विरुद्धको अभियानमा सफलता हासिल गरेको बताए । लामाले संघीय एवम् प्रदेश सरकारको समन्वय स्वास्थ्यकर्मीको अथक प्रयास र नागरिकको सहयोगका कारण कोभिड-१९ विरुद्धको अभियानमा सफलता हासिल गरेको बताए ।





उनले प्रधानमन्त्री शेरबहादुर देउवाको सत्प्रतिशत खोप अभियानलाई सार्थक बनाउन र नागरिकलाई कोभिड-१९ को जोखिमबाट बचाउन बागमती प्रदेश सरकारले कोभिड-१९ विरुद्धको खोप अभियानमा सत्प्रतिशत सफलता हासिल गरेकोमा सबैलाई आभार व्यक्त गरे । कोभिड महामारी, नीतिगत समस्या र प्रशासनिक समस्याका कारण लक्ष्य अनुसारको प्रगतिमा समस्या रहेको उल्लेख गर्दै उनले चालु आर्थिक वर्षमा मन्त्रालय अन्तर्गतका सबै निकायहरुलाई लक्ष्य अनुसारको प्रगति गर्ने ढंगले काम गर्न निर्देशन दिए ।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रल्हाद लामिछानेले प्रदेशका सबै मन्त्रालयहरुको समस्या एकै किसिमको रहेकाले यसलाई समाधान गर्न सबैको सामुहिक प्रयास आवश्यक रहेको बताए । उनले कार्यालयहरुको पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन, सुशासन र पारदर्शिता जस्ता विषयमा विशेष ध्यान दिएर अघि बढ्न सुझाव दिए । प्रदेश नीति तथा योजना आयोगले प्रदेश सरकारअन्तर्गतका निकायहरुको काम कारबाहीबारे अनुगमन गरेको र आवश्यक सुझावसमेत दिएकाले सोहीअनुसार सुधारको अपेक्षा गरिएको उनको भनाइ छ ।

स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काको अध्यक्षतामा बसेको समिक्षा बैठकमा मन्त्रालय, मन्त्रालयअन्तर्गतका विभिन्न निकायहरुले आव २०७८/०७९ को गतिविधि, समस्या र समाधानको उपायबारे प्रस्तुति गरेका थिए ।



Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# निर्यात बृद्धिमा पहल जरुरी

निर्यातमूलक उद्योगको संख्या क्रमश: घट्दै जाँदा मकवानपुर जिल्लाबाट भारतलगायत तेस्रो मुलुकमा निर्यात हुने दर घट्दै गएको छ । विगत दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा यो स्पष्ट देख्न सकिन्छ । आर्थिक वर्ष २०६८/०६९ मा मकवानपुरबाट ६७ करोड ८२ लाख रुपियाँ बराबरको निर्यात भएकोमा गत आर्थिक वर्ष २०७८/७९ मा मकवानपुरमा सञ्चालित उद्योग र व्यावसायिक प्रतिष्ठानले १७ करोड ३० लाख रुपियाँको निर्यात भएको छ । अघिल्लो आव २०७७/७८ मा २३ करोड ६२ लाख बराबरको निर्यात व्यापार भएको तथ्याङ्क छ । राष्ट्रिय तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७८/०७९ को पहिलो महिनामा नेपालको निर्यात व्यापार मा ११५ प्रतिशतले बृद्धि भएको थियो । भन्सार विभागका अनुसार आव २०७८/७९ मा नेपालबाट कूल २० अर्व ७६ करोड ५१ लाख रुपियाँको वस्तु निर्यात भयो भने सोही अवधिमा अघिल्लो आवमा नौ अर्व ६२ करोडको निर्यात भएको थियो ।

नेपालमा निर्यात व्यापार बढाउन एक वर्षअघि नेपाल उद्योग वाणिज्य महासंघले उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई निर्यात बढाउन विभिन्न सुझाव दिएको थियो । नेपालबाट निर्यात हुने वस्तुहरूको थप पहिचान एवम् प्रबर्द्धन गर्नुपर्ने, अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालाको स्थापना यथाशीघ्र गरिनुपर्ने, नेपालका साना मझौला उद्योगहरूलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न गाह्रो भइरहेकाले निर्यात प्रवर्द्धनका लागि निर्यात प्रोत्साहन कम्तिमा १० प्रतिशत हुनपर्ने र त्योभन्दा माथि सामूहिक ट्रेडमार्क, तेस्रो मुलुक निर्यात गर्नेलाई थप प्रोत्साहनको व्यवस्था गरी फरक फरक वस्तुको लागि नगद अनुदान रकम छुट्याइनुपर्ने सुझाव महासंघले दिएको थियो । नगद अनुदान प्राप्तिको प्रक्रिया झन्झटीलो भएकाले सरलरूपमा निकासी भएको विन्दुबाट ७ दिनभित्र सम्वन्धित उद्योग व्यवसायको बैक खातामा अनलाइन भुक्तानीको व्यवस्था गरिनुपर्ने महासंघको माग सुनुवाई हुनैपर्छ ।

मजदुर आन्दोलन, कच्चा पदार्थको सहज आपूर्ति नहुनु, नाजुक बाटोको अवस्था, विद्युत्को सहज आपूर्ति नहुनुलगायत धेरै कारणले निर्यातमूलक उद्योगहरु बन्द भएका छन् । त्यसको प्रत्यक्ष असर मुलुकको निर्यात व्यापारमा परेको छ भने अप्रत्यक्षरुपमा रोजगारको ठूलो संख्या कटौती हुन पुगेको छ । त्यसैले निर्यातमूलक ठूला उद्योग भित्रिने र सहज सञ्चालन हुने वातावरण बनाएर निर्यात बढाउन लाग्नैपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ०१ गते बुधबार १७ अगष्ट २०२२ । भाद्र कृष्णपक्ष षष्ठी । गुँलागा ११४२ । सूर्योदय: ५:३५, सूर्यास्त: ६:३८ मा हुनेछ । कीर्तीपुरमा बाघभैरव यात्रा/भाद्र संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : न्यायिक कार्यमा सफलता | **तुला** | : नवीन कार्ययोजनामा लगानी |
| **वृष** | : अहमपनले कार्यमा हानि | **वृश्चिक** | : अशुभ समाचार सुन्नुपर्ने |
| **मिथुन** | : काममा सफलता हात पर्ने | **धनु** | : साझेदारी कार्यमा विवाद |
| **कर्कट** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् | **मकर** | : कुरा काट्नेहरु सक्रियता |
| **सिंह** | : व्यापारमा विशेष फाइदा हुनेछ | **कुम्भ** | : दैनिक आयमा कमी |
| **कन्या** | : शत्रु सजिलै हराउन सकिनेछ | **मीन** | : मांगलिक कार्य सम्पादन |

# मोदीको हानिकारक प्रभुत्व



✍ शशि थरुर

**भारत ७५ वर्ष पुग्दै गर्दा मोदी आफ्नो शासनको नवौं वर्षमा प्रवेश गर्दैछन् । उनको लोकप्रियता अझै उचाइमा नै छ, चुनावी मेसिन उनको सेवामा बलियो नै देखिएको छ, विपक्ष विभाजित छ तथा उनका क रपंथी समर्थक अघि बढ्न तयार छन् । राजनीतिक शक्ति एकत्रित गर्ने कुरामा उनको सफलतामा प्रश्न छैन तर उनको यो क्षमतालाई अधिकाधिक भारतीय जनताको हितमा प्रयोग गर्ने क्षमतामा भने धेरै शंका गर्ने अवस्था छ ।**

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले हालै आफ्नो शासनकालको आठौं वर्ष पूरा गरेका छन् । भारत आफ्नो स्वतन्त्रताको ७५ औं वार्षिकी मनाउने क्रममा छ र उनको सशक्त चुनावी प्रभाव हेर्दा मोदी लगभग अपराजेय देखिन्छन् । तर, नीति निर्माणमा भने उनको आवेगात्मक वा सनकको भरमा गरिने व्यक्तिवादी तरिका कायमै छ । यसले भारतको शासन प्रणालीलाई हानिकारक मोडमा पुर्‍याउँदै छ ।

उदाहरणका लागि गत मे महिनामा युक्रेनको युद्धका कारण गहुँको आपूर्तिमा संसारभर समस्या परेको समयमा मोदी सरकारले भन्यो- भारतले गहुँको निर्यात बढाएर 'संसारको पेट भर्नेछ' । अनि, अचानक भारतले गहुँ निर्यातमा रोक लगाउने घोषणा गर्‍यो र त्यसको केही दिनपछि सो निर्णय केही उल्टायो । त्यस्तै उनको सरकारले सेनामा स्थायी जागीर र पेन्सन पाउने दीर्घकालीन रोजगारीको सट्टा चार वर्षे करारमा जागीर खोल्ने नीतिले देशभरका युवा आक्रोशित भएका छन् ।

यी निर्णयले भारतको आपसी द्वन्द्वको राजनीतिमा मोदीको कति सशक्त प्रभुत्व छ भन्ने मात्र चरितार्थ गरेको छैन बरु उनले शक्तिको अत्यधिक केन्द्रीकरण कसरी गरेका छन् भन्ने पनि प्रमाणित गरेको छ । संसदीय व्यवस्थालाई राष्ट्रपतीय व्यवस्था जसरी चलाउँदै भारतीयहरूलाई दुवै व्यवस्थाको नकारात्मक पक्षको अनुभव गराउँदैछन् । एक शक्तिशाली कार्यकारी जो स्वतन्त्र विधायिकाबाट कुनै पनि तवरमा दबाब वा प्रभावमा छैनन् । मोदी सरकारले गरेको अहिलेसम्मको सबैभन्दा नाटकीय निर्णय हेरौं : भारत सरकारले सन् २०१६ मा चलनचल्तीमा रहेको मुद्राको ८६ प्रतिशत नोटलाई रातारात नोटबन्दी गर्‍यो, कोभिड-१९ रोग फैलिँदैगर्दा अत्यन्त कठोर लकडाउन गर्‍यो र भारत-पाकिस्तान सीमाना नियन्त्रण रेखा (लाइन अफ कन्ट्रोल)मा 'सर्जिकल स्ट्राइक' गर्‍यो । यी तीनै निर्णय संसदीय मान्यताअनुरूप मन्त्रिपरिषद्बाट नभएर मोदी आफैँले वा जनताबाट निर्वाचित नभएका उनका सल्लाहकारले गरे ।

सरकारले कृषिसम्बन्धी अत्यन्तै अलोकप्रिय नीतिगत निर्णय लिँदा पनि यस्तै भयो । जम्मु तथा कास्मिरको स्वशासनको अधिकार खारेज गर्दा र राष्ट्रिय नागरिक पञ्जीकरण (नेसनल रजिस्टर अफ सिटिजन्स) अभियान थालनी गर्दा वा निलम्बन गर्दा पनि त्यस्तै भयो । सबै निर्णयमा विधायिकाको कुनै संलग्नता थिएन न मन्त्री पदको जिम्मेवारीमा विश्वास गरिएका सांसदहरूकै कुनै सल्लाह सुनिएको थियो । अझ भन्दा भारतजस्तो संघीय मुलुकमा कुनै प्रदेशसँग पनि यी कुरा सल्लाह गरिएको थिएन ।

एक गोप्य कार्य प्रणाली जसमा संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव बुत्रोस बुत्रोस घालीले एकपल्ट भनेको जस्तो 'गोप्यता अनि आश्चर्यजनक उग्रता' (स्टिल्थ एन्ड सडेन भ्वायलन्स) मोदीको काम गराइको विशेषताजस्तो देखियो । गुजरातको मुख्यमन्त्री भएको समयदेखि नै उनी मन्त्रिपरिषद्लाई छलेर जनताबाट निर्वाचित नभएका सल्लाहकारको समूहसँग काम गर्नेमा चिनिएका छन् । उनी राजनीतिज्ञलाई भन्दा कर्मचारीतन्त्रलाई बढी विश्वास गर्छन् । संसदीय प्रणालीले तय गरेका नियन्त्रण र सन्तुलनहरूले मोदीलाई कुनै प्रभाव पार्दैनन् । लोकसभा (प्रतिनिधिसभा) मा उनको बलियो बहुमत छ । त्यसैले विधायिकामा कुनै प्रकारको सम्झौता गरिरहन उनी चाँहदैनन् । उनको मन्त्रिपरिषद्को बैठक पनि एकतर्फी सम्प्रेषण हुन्छ र हरेक निर्णय माथिबाट तलतिर लादिन्छ भन्ने सुनिन्छ । मन्त्रीहरू आफूलाई के चाहिएको छ सो विषयमा प्रस्तुति दिने तर प्रधानमन्त्रीको अडानलाई कहिल्यै प्रतिवाद गर्न सक्दैनन् । अन्य दलबाट मन्त्री बनेकाहरू नाममात्रका छन् । उनीहरूलाई थाहा छ तिनको उपस्थितिको ठोस मतलब छैन । किनभने सरकार चलाउन मोदीलाई तिनको दलको खासै जरुरत छैन । मोदी आफ्नो कार्यालयमा सधैं उपस्थित हुन्थे भने यस्तो अवस्थामा पनि व्यवस्थापन संभव हुन्थ्यो । तर, उनको समयको ठूलो हिस्सा भ्रमणमा बित्छ । प्रधानमन्त्रीका रूपमा उनले ६० भन्दा बढी देशको भ्रमण गरिसकेका छन् भने भारतका विभिन्न प्रान्तमा त अनगिन्ती भ्रमण गरेका छन् । भारत भ्रमण त अझ धेरैजसो निर्वाचनमा प्रचार गर्न हिंडेको शैलीमा हुन्छ । मोदीले थाहा पाएका छन् उनको वर्तमान प्रभावशाली अवस्थाले गर्दा उनी देशलाई उपदेश दिने अवस्थामा पुगेका छन् । अनि उनी आफ्नो वाक्पटुता भारतको लोकसभामा भन्दा विदेशी संसद्मा बढी प्रयोग गर्छन् ।

वास्तवमा, मोदी पातलो पर्दाले छोपिएर विधायिकी संघर्षलाई निन्दा गरेझैं देखिन्छन् । गुजरातमा प्रदर्शन गरेअनुसार उनी विधायिकाको बहुमतलाई आफूले कार्यकारी अधिकार प्राप्त गर्दासम्म मात्र महत्त्व दिन्छन् । अन्यथा, बजेट अनुमोदन गर्न वा कानुन निर्माण गर्ने अवस्थामा बाहेक उनलाई व्यवस्थापिका वा विधायिकाको कुनै जरुरत छैन ।

महाव्याधिको समयमा संसदीय बैठक कटौती गरिनुभन्दा अघिदेखि नै मोदीको शासनकालमा संसदीय बैठक डरलाग्दो रूपमा घटेर गएका छन् । लोकसभाको बैठक बस्दा पनि धेरै विधेयकहरू केही मिनेटमा नै अनुमोदित हुन्छन् । न संसदीय दलले राम्रोसँग जाँच गरेका हुन्छन् न संसदमा गम्भीर छलफल नै हुन्छन् । मोदीले संसद्को बेवास्ता गरेको अवस्थाले वास्तविक राष्ट्रपतीय व्यवस्थाको जरुरत स्पष्ट देखिन्छ । भारतमा कार्यकारी तथा व्यवस्थापिकाबीच शक्तिको बाँडफाँटको जरुरत अहिलेजस्तो टडकारो पहिले कहिल्यै देखिएको थिएन । मोदी सरकारले हेपेको संस्था भने संसदमात्रै होइन । सन् २०१४ मा प्रधानमन्त्रीको कुर्सीमा आएदेखि नै मोदीले 'न्यून सरकार, अधिक शासन' को वाचा गरेका हुन् । तर, उनले त्यसको ठ्याक्कै उल्टा कार्य गरे : त्यस्तो सरकारी नियन्त्रण जसलाई धेरैले अधिनायकवाद भने, निर्णयको त्यस्तो केन्द्रीकरण जसले मन्त्रीकै अधिकार खोसियो र त्यस्तो शासकीय शैली जसमा उनको आफूभन्दा ठूलो प्रतिछायाको प्रतिविम्ब होस् । धेरैको विचारमा मोदी सरकारले संस्थाहरू धराशायी बनाउने भूमिका खेलेको छ । जस्तो भारतीय केन्द्रिय बैंक (रिजर्भ बैंक अफ इन्डिया), निर्वाचन आयोग, केन्द्रीय अनुसन्धान ब्युरो, न्यायालय, तथा अभिव्यक्ति स्वतन्त्रतामा आक्रमण गरेर मिडियाको शक्ति क्षीण बनाउनु ।

मोदीको शैली ठ्याक्कै टर्कीका राष्ट्रपति रिजेप तैयप एर्डोआनसँग मिल्छ । अधिनायकवादी तरिकाबाहेक धार्मिक पहिचानलाई बढावा दिनु तथा अल्पसंख्यकलाई पछि पार्नु, धर्म निरपेक्ष बन्धुत्वलाई राक्षसीकरण गर्नु तथा अतिराष्ट्रवाद । यो सबै गर्नका लागि आफूभन्दा ठूलो 'त्यस्ता व्यक्ति जसले काम गर्छन्' भन्ने प्रतिछायाले सहयोग गरेको छ ।

मोदी भारतलाई एडोआनले टर्कीमा झैं नयाँ आकार दिन चाहन्छन् । तर, एर्डोआनको सफलता प्रारम्भिक आर्थिक वृद्धिमा अडियो भने मोदीले भारतको अर्थतन्त्र डाँबाडोल पारे । उनको अनर्थकारी विमुद्रीकरण वा नोटबन्दीले भारतमा कुल गार्हस्थ्य उत्पादनमा वृद्धिलाई दुई प्रतिशत प्वाइन्टले कमी गरायो । अनि उनको शासनकालमा अत्यन्त विकराल बेरोजगारी तथा न्यून श्रमिक सहभागिता दर देखियो । अहिले अत्यन्त द्रूत गतिले बढिरहेको मुद्रा:स्फीतिलाई नियन्त्रण गर्न पनि उनी असफल देखिएका छन् ।

भारत ७५ वर्ष पुग्दै गर्दा मोदी आफ्नो शासनको नवौं वर्षमा प्रवेश गर्दैछन् । उनको लोकप्रियता अझै उचाइमा नै छ, चुनावी मेसिन उनको सेवामा बलियो नै देखिएको छ, विपक्ष विभाजित छ तथा उनका कट्टरपंथी समर्थक अघि बढ्न तयार छन् ।

राजनीतिक शक्ति एकत्रित गर्ने कुरामा उनको सफलतामा प्रश्न छैन तर उनको यो क्षमतालाई अधिकाधिक भारतीय जनताको हितमा प्रयोग गर्ने क्षमतामा भने धेरै शंका गर्ने अवस्था छ ।

*पूर्व विदेशराज्यमन्त्री तथा लोकसभा सदस्य*

*-साभार: बाह्रखरी*

# क्रसरहरू कानुनभन्दा माथि हो ?



✍ पदम श्रेष्ठ

क्रसर पनि एउटा उद्योग नै हो । उक्त उद्योगले विभिन्न निर्माण कार्य गर्नको लागि चाहिने निर्माण सामाग्री प्रशोधन गर्ने काम गर्छ । ती उद्योगले ढुङ्गा, गिट्टी, बालुवाहरू प्रशोधन गरेर निर्माण स्थलमा लैजानको लागि तयार बनाउँछन् । तर अहिले क्रसरहरू कानुनभन्दा माथि गएर काम गर्दै छन् भनेर सबैतिर बिरोध हुँदै छ । तर नेपालमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन सम्बन्धी छुट्टै कानुनी व्यवस्था वा ऐन नै छैन । हामीसँग ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, व्यवस्थापन सम्बन्धी बनेर २०७७ सालमा एउटा मापदण्ड मात्रै आएको छ । उक्त मापदण्ड कार्यान्वयन गर्नको लागि नेपाल सरकार निर्णयकर्ता हो । यो मापदण्ड नेपाल सरकारले नै कार्यान्वयन गराउने हो । र यससँग सम्बन्धित उद्योगहरूले उक्त मापदण्ड कार्यान्वयन गर्ने निकाय हुन् ।

नदीजन्य उत्खनन रोक्नको लागि छुट्टै कानुन नभएकाले २०७७ श्रावण ५ गतेको 'ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड-२०७७' अनुसारको मापदण्डले काम चलाउनु परेको छ । उक्त मापदण्ड पूरा गरेमा नदीजन्य उत्खनन गर्न पाउने व्यवस्था रहेको छ । तर हामीले स्थलगत रूपमा हेर्ने हो भने त्यो मापदण्ड पूरा भएको देखिँदैन ।

***किन क्रसर व्यवसाय दर्ता हुँदैन ?***

नेपाल सरकारको मापदण्ड कानुन सरह नै मान्यता हुन्छ । सरकारले बनाएको मापदण्ड सबै उद्योग धन्दा खोल्नेहरूले मान्नु पर्छ । क्रसर उद्योग सञ्चालन गर्नेले पनि त्यो मापदण्ड मान्नु पर्ने हो । तर, के त्यो मापदण्ड साँच्चै लागु भएको छ त ? त्यो मापदण्डमा क्रसरहरू कहाँ राख्ने, कुन दूरीमा राख्ने, त्यसले वातावरणमा असर गर्छ कि गर्दैन भनेर अध्ययन हुनु पर्दछ । क्रसरहरू बस्ती, खोला, वन, स्कुल आदिबाट निश्चित दूरीमा हुनु पर्दछ । २०७७ को उक्त मापदण्डमा कायम गरेको दूरी र ७९ सालमा संशोधन गरिएको छ ।

अझ भनौं साबिकको मापदण्ड एउटा थियो र हाल नयाँ मापदण्ड आएको छ । उक्त मापदण्ड संशोधन हुँदा त्यसमा केही त्रुटिहरू भएको छ । त्यसैले हालको मापदण्ड कार्यान्वयन नगर्न सर्वोच्च अदालतमा म आफैं निवेदक भएर मुद्दा दर्ता गराएको थिएँ । र, अहिले पछिल्लो मापदण्ड कार्यान्वयन नगर्नू भनेर सर्वोच्चले आदेश पनि दिएको छ ।

***के-के छन् त्रुटि ?***

२०७७ सालको मापदण्डमा तराई र पहाड भनेर छुटाइएको थिएन । खालि मापदण्डलाई मात्रै उल्लेख गरिएको थियो । जस्तै राजमार्गको 'राइट अ वे' भनेर ५ सय मिटर दूरी राखिएको थियो । तर पछिल्लो मापदण्डमा पहाडमा २ सय मिटर मात्रैमा उत्खनन गर्न पाउने व्यवस्था गरिएको छ । यस्तै २०७७ को मापदण्डमा खोला र नदी किनारबाट ५ सय मिटर टाढा मात्रै उत्खनन गर्न पाउने उल्लेख गरिएको थियो । तर पछिल्लो मापदण्डमा २ सय मिटर टाढा मात्रै उत्खनन गर्न पाउने भनेर संशोधन भएर आयो । यसले त खोलाले थप जोखिम सिर्जना हुने हुन्छ । अर्को चाहिँ साबिकको मापदण्डमा शिक्षण संस्था, धार्मिक, सांस्कृतिक स्थल, सुरक्षाको निकायबाट २ किलोमिटर कायम राख्नु पर्ने उल्लेख गरेको थियो । तर पछि आएर तराईमा १ किलोमिटर र पहाडमा ५ सय मिटरमा नै उत्खनन गर्न पाउने बनाइयो ।

नयाँ मापदण्डमा घनाबस्ती पहाडमा ५ सय मिटरमा नै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न पाइने भएको छ । यसरी घना बस्तीबाट नजिक नै उत्खनन हुन लाग्यो भने त्यहाँ भएका बस्ती समाप्त हुने भयो । त्यसमा पनि पहाड र तराईका मान्छेमा वातावरणको प्रभाव बराबर नै हुनु पर्ने हो । तर किन फरक मापदण्ड बनाइयो । यस्तो फरक किन भन्ने मुख्य प्रश्न हो । पहाड र तराईमा समान मापदण्ड हुनु पर्थ्यो । यो परिवर्तन ठिक छैन । त्यो परिवर्तन कानुनी, वातावरणीय दृष्टिकोणले नै ठिक छैन ।

यी र यस्तै गलत परिवर्तन भएकाले उक्त संशोधित मापदण्डले असर गर्ने देखेर नै सम्मानित सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको थिएँ । पछिल्लो मापदण्डले अघिल्लो मापदण्ड भन्दा पनि दूरी घटाएको कारणको छ । त्यही कारणले मैले हालेको मुद्दामा सर्वोच्च अदालतले गत जेठ ६ गतेको पास भएको मापदण्ड कार्यान्वयन नगर्नू भनेर सर्वोच्च अदालत स्थगित गर्न आदेश दिएको छ । शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक स्थानबाट २ किलोमिटर दूरीमा नै उत्खनन गर्न पाउने उल्लेख गरिएको थियो । तर अहिले ५ सय मिटर दूरीमा नै उत्खनन गर्न पाउने भएका छन् । अब त्यति नजिकै क्रसरले आवाज निकाले पछि विद्यार्थीहरूले कसरी पढ्ने ? अस्पतालमा बिरामीहरूलाई क्रसरबाट आउने आवाजले कस्तो असर गर्ला ? यस्तो कुरामा त ध्यान दिनु पर्ने होइन ? यसमा त झन् तराई र पहाडमा विभेद छ । तराईमा १ किलोमिटर र पहाडमा ५ सय मिटर बाहिर मात्रै क्रसर खोल्न पाउने भनिएको छ । यो विभेद हो । पहाडमा झन् पहिरोको जोखिम छ । त्यो कुरा खोइ अध्ययन भएको ? मापदण्डमा दूरी के कारणले घटाइयो भनेर कुनै अध्ययन नै भएको छैन । कि त वैज्ञानिक अध्ययन गरेर दूरी घटाइएको भनेर नेपाल सरकारले तथ्यगत आधार दिन सक्नु पर्‍यो ।

***नदी जन्य उत्खननले वातावरण र बस्तीलाई पार्ने असर***

साबिकको मापदण्ड अनुसार त्यस्तो जंगलबाट २ किलोमिटर टाढा मात्रै क्रसरहरू सञ्चालन गर्न पाउनेमा अहिले आएर ५ सय मिटर नजिक नै क्रसर सञ्चालन गर्न पाउने उल्लेख गरियो । जंगलबाट ५ सय मिटरमा नै उत्खनन गर्न पाउने भनियो । वन जंगल चरा चराचुरुङ्गी, जंगली जनावारहरुको वासस्थान हो । त्यस्तो वन क्षेत्र नजिकै क्रसर खोल्न सुरु गरियो भने त्यसले ती वनमा आश्रित जनावर र चराहरूलाई प्रत्यक्ष रूपमा असर गर्ने देखिन्छ । त्यस्तो स्थानमा क्रसर बनाउँदा यातायातको साधनहरू धेरै आउजाउ गर्नु पर्ने हुन्छ । एकै पटक ठूला ठूला मेसिनहरूले काम गर्नु पर्ने हुन्छ । त्यस कारण अन्य प्रदूषणका साथै ध्वनि र हावा प्रदूषण हुन्छ । त्यसैले मानिसहरू मात्रै आफ्नो वासस्थान छाडेर हिँड्नु पर्ने हैन चराचुरुङ्गी र जंगली जनावर पनि आफ्नो वासस्थानै परिवर्तन गर्नु पर्ने हुन्छ । यो विना अध्ययन कार्यविधिमा परिवर्तन आयो ।

***उत्खननमा राजनीतिक गन्ध***

बनेको मापदण्ड भन्दा दूरी घटाउनु पर्ने के कारण पर्‍यो ? यो मेरो मुख्य प्रश्न हो । हामीसँग तीन तहको सरकार छ । केन्द्र सरकारले अन्य सरकारहरूलाई अधिकारहरू बाँढेको छ । नदी नालाबाट निस्कने नदीजन्य पदार्थहरू हरेक स्थानीय तहले वातावरणीय प्रभाव मूल्यांकन गरेर ठेक्का लगाउन पाउने उल्लेख गरेको छ । स्थानीय तहले जिल्ला समन्वय समितिबाट पास गरेर नदीजन्य उत्खनन गर्न दिन पाउँछ । कति उत्खनन गर्ने, कुन स्थानमा उत्खनन गर्ने, ठेक्का कतिको लगाउने भन्ने कुराको तय गर्ने भनेको स्थानीय तहले हो । जिससको संयोजकत्वमा नै उक्त व्यवसायको अनुगमन गर्ने काम पनि हुन्छ । यता क्रसरको लागि भने भू-गर्व विभागले अनुमति दिनु पर्छ । त्यो अनुमति दिँदा नै उसले मापदण्ड पूरा गरेको छ कि छैन भनेर हेर्नु पर्छ । मापदण्ड पुगेकालाई मात्रै अनुमति दिने अधिकार छ । हामीले क्रसरमा राजनीतिका आड कति छ भन्ने कुरा थाहा पाउन कति क्रसर दर्ता छ भनेर हेर्दा नै हुन्छ । देशमा कति क्रसर छन् भनेर सरकार सँग नै तथ्यांक छैन । यही कुराले नै थाहा हुन्छ कि यसमा कति राजनीति हुन्छ भनेर ।

***छुट्टै कानुन आवश्यक***

घना बस्तीको बीचमा आएर क्रसर स्थापना भएका छन् । अर्को राजमार्गको छेउमा नै पनि क्रसर स्थापना भएको छ । जसका कारण वातावरणलाई असर पारेको छ । उत्खनन अन्य उद्योग जस्तो हैन । यसले सारा बस्ती र वातावरणलाई नै असर गर्न सक्छ । क्रसर उद्योग कतै उद्योग खुल्दै छ भने सरकारले निश्चित मापदण्ड पूरा गरेर अनुमति दिएर मात्र हुँदैन ।

क्रसरको सन्दर्भमा ढुंगा बालुवा गिट्टी उत्खनन र बिक्री वितरण सम्बन्धी ऐनले मात्रै पुग्दैन । यसका लागि अलग्गै ऐन चाहिन्छ । ऐन भयो भने नियमन गर्न सजिलो हुन्छ । ऐन बने नियमावली बन्छ । नियमावलीमा कसरी काम हुन्छ भनेर नियम बनाएको हुन्छ । यदि कुनै क्रसर उद्योगले नियमविपरित काम गरेमा तत्कालै बन्द गर्न सकिन्छ । दण्ड जरिवाना त्यही ऐनले गर्छ । हामीसँग त्यो ऐन छैन ।

खानी तथा खनिज पदार्थ ऐन २०४२ मा कुनै उद्योगले कानुन विपरीत गर्‍यो भने दर्ता रद्द गर्ने सम्मको व्यवस्था गरेको छ । तर, समग्र क्रसर उद्योगको कुनै कानुनी व्यवस्था छैन । त्यसले स्थापनाको मात्र कानुन बनाएर हुँदैन । यसको बिक्री तथा वितरणको र एक ठाउँबाट अर्को ठाउँमा लैजाने कुरामा नियमनको पाटोलाई पनि समेट्नु पर्छ । यस्ता उद्योगहरूको अनुगमन जिससले गर्ने गर्छ । तर जिल्ला समन्वय समितिसँग न प्रहरी छ, न कुनै सुरक्षा अंग नै । यसरी त कसरी जिससले क्रसर उद्योगले गलत गरे पक्राउ गरेर कारबाही गर्न सक्छ ?

जिल्ला समन्वय समिति प्रहरी जस्तो प्रशासनिक निकाय होइन । यसको काम भनेको स्थानीय, प्रदेश र सैको समन्वय गर्ने हो । यस्ता खालका जटिलता कायम नै छन् । ढुङ्गा, बालुवा र गिट्टीको व्यवस्थापनका लागि अलग ऐन चाहिन्छ । यो प्राकृतिक स्रोतको प्रयोग हो । बालुवालाई नदीको छेउमा मात्र राखेर हुँदैन प्रत्येक वर्षमा उत्खनन गर्नुपर्ने कुरा कानुनसम्मत छ । तर, कति निकाल्ने भन्ने नियम हुनुपर्‍यो । वर्षमा एक मिटर निकाल्ने भने त्यही मात्र निकाल्ने हो ।

***वातावरणमा कसरी संरक्षण गर्ने ?***

'स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुनेछ' भनेर नेपालको संविधान धारा ३० मा प्रष्ट राखिएको छ । बालुवा, गिट्टी र ढुङ्गाको मापदण्ड विपरीत उत्खनन गर्दा मानिस, वन्यजन्तु, बोटबिरुवा प्राकृतिक स्रोतसाधनलाई प्रत्यक्ष असर पारेको हुन्छ । अर्को यसले सार्वजनिक बाटोघाटो र पुलपुलेसालाई पनि असर पारेको हुन्छ । उक्त असरबाट बच्नका लागि निश्चित दूरीमा मापदण्ड पूरा गरेर मात्रै उद्योग स्थापना गर्नु पर्छ ।

*-साभार: नेपाललाइभ*

# फिल्म 'सम्हालिन्छ कहिले मन'को गीत 'हराएँ हराएँ'मा रोमान्टिक पूजा-आकाश

काठमाडौं- फिल्म 'सम्हालिन्छ कहिले मन'को नयाँ गीत 'हराएँ हराएँ' सोमबार सार्वजनिक भएको छ । ताराप्रकाश लिम्बूले संगीत गरेको गीतमा लिम्बूले अनु चौधरीसँग गायनमा सहकार्य गरेका छन् ।

गीतको भिडियोमा आकाश श्रेष्ठ र पूजा शर्मा फिचर्ड छन् । आनन्द अधिकारीको शब्द रचना रहेको गीतलाई विदेशमा छायांकन गरिएको छ । यो रोमान्टिक गीतले फिल्मका दुई मुख्य पात्रबीचको प्रेम सम्बन्धलाई स्थापना गर्छ ।

सुदर्शन थापा निर्देशित 'सम्हालिन्छ कहिले मन'मा सोनम थोप्देनको समेत मुख्य भूमिका छ । फिल्मले तीन मुख्य पात्रको त्रिकोणात्मक प्रेमकथा प्रस्तुत गर्छ । फिल्म भदौ १७ गते रिलिज हुँदैछ ।



गीतको भिडियोमा आकाश श्रेष्ठ र पूजा शर्मा फिचर्ड छन्

# टोलीसँगै आफूलाई प्रमाणित गर्ने उर्जनको लक्ष्य

काठमाडौं/ प्रशिक्षक उर्जन श्रेष्ठले खेलाडी जीवनमा पूर्णविराम लगाएर प्रशिक्षण थालेको दशक पूरा भइसकेको छ । तर यसबीचमा उनले प्रशिक्षकका रुपमा आफूलाई प्रमाणित गर्न सकेका छैनन् । त्यसो त उनले अवसर प्राप्त गर्न नै पनि लामो प्रतिक्षा गर्नुपर्यो । प्रशिक्षणमा ब्रिगेड ब्वाइज हुँदै थ्री स्टार पुगेका श्रेष्ठले गत महिना यू-१७ राष्ट्रिय टोलीको प्रमुख प्रशिक्षकको जिम्मेवारी पाए ।

श्रेष्ठको नियुक्तिलाई लिएर फुटबल वृतमा नकारात्मक टिका टिप्पणी भयो । हुन पनि उनको नियुक्तिलाई लिएर प्रश्न गर्नु जायज पनि थियो । उनीभन्दा अनुभवी र दक्ष प्रशिक्षक हुँदाहुँदै एन्फाले उनलाई जिम्मेवारी सुम्पनु विवादरहित थिएन । श्रेष्ठ आफैं पनि केहि दबाबका बीच पाएको यस अवसर सदुपयोग गर्न लागिरहेका छन् ।

नियुक्ति भएलगत्तै एन्फाले खुला छनोट मार्फत टोली निर्माण गर्ने सूचना सार्वजनिक गर्यो । देशभरका करिब १ हजार ७ सय खेलाडीबाट प्राविधिक समितिको सहयोगमा ३० खेलाडी छनोट गर्दै टोली हाल एन्फा कम्प्लेक्समा बन्द प्रशिक्षण व्यस्त छ । एन्फाले टोलीको मुख्य प्रशिक्षकमा श्रेष्ठसँगै सहायकमा अनिल लामा र गोलरक्षक प्रशिक्षकको प्रविण श्रेष्ठलाई नियुक्त गरेको छ । टोलीमा आरज्ञ खड्कालाई फिजियो रहनेछन् ।

खेलाडीका रुपमा श्रेष्ठले ए डिभिजनका थ्री स्टार, मनाङ मर्स्याङ्दी जस्ता प्रख्यात क्लबबाट खेल्दै ३ पल्ट घरेलु फुटबलको मेरुदण्ड मानिने सहिद स्मारक 'ए' डिभिजन लिग जितेका छन् । खेलाडीका रुपमा सफल करिअर व्यतित गरेका उनी प्रशिक्षणमा भने त्यसअनुसार जम्न सकेका छैनन् ।

सन् २०१८ मा ब्रिगेड ब्वाइज क्लबबाट ललित स्मृति यू-१८ र सन् २०२१ मा चौथो बागमती गोल्ड कपको उपाधि जित्नु उनको दुई सफलता हुन् । गोल्डकपको उपाधि जितेकै आधारमा थ्री स्टारले उनलाई ए डिभिजन लिगका लागि समेत जिम्मेवारी सुम्पेको थियो । तर उनको नेतृत्वमा क्लबको प्रदर्शन बिर्सनलायक रह्यो ।

थ्री स्टार लिगको छैटौं स्थानमा रहँदा क्लबको प्रदर्शन इतिहासकै कमजोरमा गनियो । उता क्लब छाडेर बाहिरिएका मेघराज केसीले छिमेकको सातदोबाटोलाई पहिलो सिजनमै अप्रत्याशित नतिजा दिलाए । थ्री स्टार सातदोबाटोसँग नै पराजित समेत हुन पुगेको थियो ।

एक समय त खराब नतिजाका कारण थ्री स्टारभित्र श्रेष्ठलाई बर्खास्त नै गर्ने समेत चर्चा चलेको थियो । तर क्लबले यसअघि पाटने क्लबमा काम गरिसकेका र विन्द शिलाकरलाई सहायक प्रशिक्षकमा ल्याएपछि क्लब क्रमश: अंक तालिकामा उकालो लाग्यो । क्लबको कमजोर प्रदर्शनका बाबजुद उमेर समूहको राष्ट्रिय टोलीमा जिम्मेवारी पाएका श्रेष्ठका लागि आफूलाई प्रमाणित गर्न धेरै समय पनि छैन । खुला छनोट पश्चात बन्द प्रशिक्षणमा व्यस्त रहेका श्रेष्ठले टोलीको तयारी राम्रो रहेको बताए ।

'तयारी एकदम राम्रो हुँदैछ । सबैजनाले आफ्नो तर्फबाट सक्दो मिहिनेत गर्दैछौं,' श्रेष्ठले भने ।

'तयारी गर्न छोटो समय मात्र छ, त्यसैले अलि धेरै मिहिनेत गरिरहेका छौं । अहिले फिटनेस पक्षमा अलि बढी ध्यान दिएका छौं । देशभरबाट आएका खेलाडी एक ठाउँमा रहेर खेल्न प्रयासरत छन्,' उनले थपे ।

यू-१७ टोलीमा बी र सी डिभिजन लिगको अनुभव लिइसकेको खेलाडी पनि छन् । बी डिभिजन लिगमा चर्च ब्वाइज यूनाइटेडलाई विजेता बनाउन मुख्य भूमिका खेलेका प्रशान्त लक्षम लगायत अनुभवी खेलाडीहरू प्रारम्भिक टोलीमा सामेल छन् । 'बी र सी डिभिजन लिगको अनुभव लिइसकेका खेलाडीहरुको अनुभवले टोलीलाई थप सहयोग पुर्याउँछ भन्नेमा म विश्वस्त छु,' श्रेष्ठले जनाए । अर्को महिना श्रीलंका आयोजना हुने साफ यू-१७ च्याम्पियनसिपमा टोलीबाट सुखद नतिजा आशा गर्न सकिने उनको बुझाइ छ । 'खेलाडीहरुको स्तरलाई आधार मान्ने हो भने यो टोलीबाट धेरै आशा गर्न सकिन्छ । तयारी केही छोटो भएकोले काम भने धेरै गर्नुपर्ने छ । भएको समयलाई नै सदुपयोग गर्दै हामी सक्दो मिहिनेत गर्दैछौं,' श्रेष्ठले सुनाए ।

श्रेष्ठले ए डिभिजन लिगमा थ्री स्टारको प्रदर्शनका कारण केही दबाब भएपनि यसलाई प्रमाणित गर्ने अवसरको रुपमा लिएका छन् । 'दबाब धेरै छ । तर दबाबलाई ध्यान नदिएर काम गर्दैछु । आफुलाई प्रमाणित गर्ने दोस्रो मौका पाएको छु, यसलाई सहि सदुपयोग गर्छु ।

लिगमा पनि प्रयास त गरेको हो तर सन्तोषजनक नतिजा दिन सकिएन । जे होस् शीर्ष ६ मा आइयो । अब यो युवा टोलीमा राम्रो नतिजा ल्याउने प्रयास गर्ने छु । आलोचनालाई गलत प्रमाणित गर्नेछु । राम्रो गर्न खोज्ने हो, राम्रो नै हुन्छ होला,' उनले टुंग्याए ।

नेपाली युवा टोलीले एक महिनापछि श्रीलंकामा भदौ २० देखि २९ सम्म हुने यू-१७ साफ च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्दैछ । नेपाल रहेको समूह 'बी' मा भारत र भुटान रहेका छन् । नेपालले त्यसपछि एएफसी यू-१७ एसियाली छनोट पनि खेल्नेछ । *-हाम्रोखेलकुदबाट*



# अझै परेन पानी, भएन रोपाइँ

राँझा, ३० साउन (रासस)/ बाँकेको नरैनापुर गाउँपालिकामा बर्सात नहुँदा धान रोपाइँ प्रभावित भएको छ ।

सिँचाइको व्यवस्था नभएका कारण आकाशे पानीको भरमा धानखेती गर्दै आएका नरैनापुरका किसान अहिलेसम्म पनि रोपाइँ गर्न नपाउँदा चिन्तित भएका छन् ।

स्थानीयवासी सोहनलाल यादवले नरैनापुर क्षेत्रमा पर्याप्त बर्सात नभएका कारण अहिलेसम्म करिब १५ प्रतिशत मात्र धान रोपाइँ भएको जानकारी दिए । उनले भने, "रोपाइँ भएको धान पनि खडेरीले गर्दा सुक्दै गएको छ ।"

नरैनापुरमा खडेरीका कारण हालसम्म १५ प्रतिशत मात्रै रोपाइँ भएको कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख सागर ढकालले बताए ।

नरैनापुरमा धान खेती हुने क्षेत्रफल करिब चार हजार दुई सय हेक्टर रहेको जनाइएको छ ।

बर्सात नभएर धान रोपाइँ हुन नसकेपछि नरैनापुर गाँउपालिकाले नरैनापुरलाई सुक्खा क्षेत्र घोषणा गरेको छ । वैकल्पिक सिँचाइको उपाय गरेर लगाएको धानबालीसमेत खडेरीका कारण नष्ट भइरहेको गाउँपालिका अध्यक्ष इस्तियाक अहमद साहले जानकारी दिए । गाउँपालिकाले सुक्खा क्षेत्र घोषणा भइसकेकाले किसानका लागि विशेष राहतको प्याकेज ल्याउन प्रदेश र संघीय सरकारसँग गाउँपालिकाले आग्रह गरेको छ । खडेरीले गर्दा कृषिमा आश्रित बहुसंख्यक जनताको जीवन कष्टकर बन्दै गएको अवस्थाप्रति प्रदेश र संघीय सरकारको यथेष्ट ध्यान पुग्न जरुरी रहेको गाउँपालिका अध्यक्ष साहको भनाइ रहेको छ ।

बाँकेको अन्य क्षेत्रमा भने धान रोपाइँ भइसकेको छ । जिल्लाका अन्य क्षेत्रमा ८७ प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार सबैभन्दा धेरै नरैनापुरसँग जोडिएको राप्तीसोनारी गाउँपालिकामा शतप्रतिशत रोपाइँ भएको छ । वैजनाथ गाउँपालिकामा ९९ प्रतिशत, डुडुवा गाउँपालिकामा ९८ प्रतिशत, खजुरा गाउँपालिका, कोहलपुर नगरपालिका र जानकी गाउँपालिकामा ९७ प्रतिशत र नेपालगञ्ज उपमहानगरपालिकामा ९६ प्रतिशत रोपाइँ भएको छ ।



# गोली प्रहारबाट युवक घाइते

रुपन्देही, ३० साउन (रासस)/ रुपन्देहीको ओमसतियामा गोली प्रहारबाट एक युवक गम्भीर घाइते भएका छन् ।

गएराति करिब ११ बजे गोली चल्दा सिद्धार्थनगर नगरपालिका-१ बेलहिया बस्ने ३१ वर्षीय विकास गुरुङ घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बेदबहादुर पौडेलले जानकारी दिए ।

गुरुङको कम्मरमा गोली लागेको र भैरहवा मेडिकल कलेजमा उपचार भइरहेको पौडेलले बताए । रुपन्देहीको ओमसतिया-४ वसन्तपुरमा सडकमा हिँडिरहेको समयमा गुरुङमाथि गोली प्रहार भएको थियो ।

रोहिणी गाउँपालिका-१ बाइपास रोडको सिद्धार्थ रेष्टुराँमा एक समूहले गरगहना लुटेर भाग्ने क्रममा ओमसतियाको बसन्तपुरमा रहेको वडा कार्यालय अगाडि गुरुङसँग जम्काभेट भएपछि गोली प्रहार भएको प्रहरीको अनुमान छ ।

सो रेष्टुराँमा काउन्टरमा भएको केही नगद र दुई तोला बराबरको सुन लुटिएको छ । प्रहरीले होटल सञ्चालकसहित चार जनालाई लिएर अहिले सोधपुछ गरिहेको र थप अनुसन्धान भइरहेको जनाएको छ ।

# रासायनिक मलको कोटा वृद्धि गर्न माग




वीरगञ्ज, ३० साउन (रासस)/ किसानले भुटनदेवीस्थित कृषि सामग्री कम्पनी लिमिटेडको प्रादेशिक कार्यालयको गोदामबाट अन्यत्र जिल्ला पठाउन लागिएको छ ट्रक मल नियन्त्रणमा लिएका छन् ।

सहजरुपमा रासायनिक मल नपाएको जनाउँदै स्थानीयवासीले मल नियन्त्रणमा लिएका हुन् । कृषकले मल 'लोड' गरिएको ट्रक नियन्त्रणमा लिएपछि त्यहाँ पुगेका वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले जिल्लामा मलको कोटा वृद्धि गर्न पहल गर्ने जानकारी दिए । किसानले नियन्त्रणमा लिएका सो मल बालमन्दिर प्राङ्गणमा राखिएको छ । सो विषयमा महानगरप्रमुख सिंह र कृषि सामग्री कम्पनी लिमिटेड प्रदेश कार्यालय वीरगञ्जका प्रमुख चन्द्रप्रकाश चौलागाईंसहितको टोलीसँग छलफल भएको छ । पर्सामा सो कम्पनीको प्रादेशिक कार्यालयबाटै मल वितरण हुँदै आएको छ ।

वीरगञ्ज महानगरले यहाँका कृषकका लागि आठ हजार मेट्रिक टन मल आवश्यक रहेको भए पनि हालसम्म लिमिटेडले आठ सय मेट्रिक टन मात्रै उपलब्ध गराउने कोटा निर्धारण गरेको जनाएको छ ।

# घाँस उत्पादन गर्ने किसानलाई महानगरबाट अनुदान



कास्की, ३० साउन (रासस)/ पोखरा महानगरपालिकाले घाँस उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न नगद अनुदान प्रदान गरेको छ । घाँसमा आधारित पशुपालनमा जोड दिन महानगरले किसानलाई नगद अनुदान एको हो । महानगरको सघन घाँस विकास कार्यक्रम अन्तर्गत महानगरभित्र घाँस खेती गर्ने ९३ किसानलाई १४ लाख ६५ हजार पाँच सय ९० अनुदान दिइएको हो ।

महानगरमा गत आर्थिक वर्षमा चार सय ८९ रोपनी क्षेत्रफलमा घाँस लगाइएको र सात हजार तीन सय ३५ मेट्रिक टन घाँस उत्पादन भएको महानगर पशु सेवा शाखाका प्रमुख नवराज अधिकारीले बताए । उनका अनुसार महानगरमा १० रोपनी क्षेत्रफलभन्दा बढी घाँस लगाउने १३, पाँच देखि नौ रोपनीमा लगाउने २२, दुई देखिमाथि र पाँच रोपनी भन्दा कम लगाउने किसानको संख्या ५८ जना रहेको छ । महानगरले प्रति रोपनी तीन हजारका दरले अनुदान उपलब्ध गराएको छ । महानगरका ९३ जना किसानले छ हजारदेखि ६० हजारसम्म अनुदान प्राप्त गरेका छन् । सबैभन्दा बढी २० रोपनीमा घाँस लगाउने मीना तिवारी र नन्दप्रसाद पोखरेललाई जनही ६०/६० हजार अनुदान प्रदान गरिएको छ ।

अनुदान प्राप्त गर्नुभएका पोखरेलले पहिलो पटक सरकारी अनुदान पाउँदा खुसी लागेको बताए । महानगर पशु शाखाले आइतबार आयोजना गरेकोअनुदान वितरण कार्यक्रममा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले पोखराको आर्थिक विकासको आधार पर्यटन र कृषि रहेको बताए ।

महानगरले आधारभूत कृषि उत्पादनमा आत्मनिर्भर हुने नीति लिएको छ । सो नीति कार्यान्वनयनका लागि भैंसी, बाख्रा, तरकारी तथा कृषि खाद्यबाली उत्पादन गर्ने व्यावसायिक किसानलाई नगद अनुदान प्रदान गरिँदै आइएको छ ।

# स्वास्थ्य क्षेत्रमा फड्को मार्दै चितवन



चितवन, ३० साउन (रासस)/ जटिल प्रकृतिका उपचार गर्नुपरेमा राजधानी काठमाडौं नै धाउनुपर्ने विगतको अवस्थाको अन्त्य गर्दै चितवनले स्वास्थ्य क्षेत्रमा फड्को मारेको छ । संघीय राजधानीमा पाइने अधिकांश स्वास्थ्य सुविधा यही उपलब्ध भएका छन् भने कतिपय राजधानीमा पनि नपाइने स्वास्थ्य सेवा र उपकरण यहाँ उपलब्ध छन् ।

संघीय भरतपुर अस्पताल, दुई ठूला मेडिकल कलेज, क्यान्सर अस्पताल, आँखा अस्पताल, प्राकृतिक चिकित्सालय, आयुर्वेदिक चिकित्सालय सहित सबै प्रकृतिका उपचार सेवा यहाँ उपलब्ध छन् । पछिल्लो समय देशैभरिबाट र भारतको सीमावर्ती क्षेत्रबाट समेत यहाँ उपचारका लागि बिरामी आउने गर्दछन् ।

यकिन तथ्याङ्क नभए पनि वार्षिक २० लाखभन्दा बढीले यहाँका अस्पतालबाट उपचार लिने गरेको अनुमान गरिन्छ । यसको प्रत्यक्ष प्रभाव स्वास्थ्य पर्यटन क्षेत्रमा पनि देखिएको छ । एक अर्बसम्म लगानी गरेर निजी अस्पतालले स्तरोन्नति गरिरहेका छन् । यससँगै ठूला औषधि उद्योग यही खुलिरहेका छन् ।

भरतपुर महानगर प्रमुख रेनु दाहाल राजधानी काठमाडौँपछि उपचारमा भरतपुर अग्रणी रहेको बताउछन् । पछिल्लो समय ठूलो प्रयासपछि भविष्यमा शिक्षण अस्पताल हुने गरी शिक्षक अस्पताल भरतपुरमा बन्ने निश्चित भएको छ । एक सय शय्याको आयुर्वेदिक अस्पताल निर्माण प्रक्रिया अघि बढेको छ ।

उनले भने, "सरकारी स्वास्थ्य संस्था स्थापना, भएकाको स्तरोन्नति र निजी स्वास्थ्य संस्थालाई आवश्यक सहयोग हामीले गरिरहेका छौं ।" मेडिकल कलेजसँग मिलेर आमा सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ भने भरतपुर अस्पतालमा हेल्प डेस्क सञ्चालनदेखि महिलाका लागि नि:शुल्क बहिरङ्ग टिकटको व्यवस्था महानगरले गरेको छ । यससँगै भरतपुर अस्पताल, वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर आँखा अस्पताल, प्रकृतिक चिकित्सालयलगायतको स्तरोन्नतिका लागि महानगरले प्रत्यक्ष सहयोग गरिरहेको छ । महानगरभित्र ४२ स्वास्थ्य केन्द्रसमेत सञ्चालनमा छन् ।

चितवन मेडिकल कलेजका अध्यक्ष एवं प्रबन्ध निर्देशक प्रा डा हरिश्चन्द्र न्यौपाने काठमाडौँमा नहुने उपचार सेवा चितवनमा हुने बताउछन् । उनले भने, "यहाँ नहुने सेवा काठमाडौँमा हुँदैन ।" उपचारको हिसाबले नेपालमा काठमाडौँभन्दा अगाडि चितवन रहेको दाबी उनको छ ।

धेरै उपत्यकाका बिरामी उपचारका लागि आफ्नो मेडिकल कलेजमा आउने गरेको न्यौपानेले बताए । उनले भने, "हाम्रोमा उपचार नहुने बिरामी नेपालमा अन्यत्र केही हुँदैन ।" अङ्ग प्रत्यारोपणमा चर्चा कमाएको यो मेडिकल कलेजले क्यान्सर अस्पतालसमेत सञ्चालन गर्दैछ । भरतपुरमा एउटा सरकारी क्यान्सर अस्पताल रहेकोमा अब थप दुई निजी क्यान्सर अस्पताल सञ्चालनमा आउने तयारीमा छन् ।

# निर्वाचन सुरक्षा रणनीति र चुनौतिबारे छलफल

काठमाडौं, ३० साउन (रासस)/ केन्द्रीय सुरक्षा समितिको बैठकले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि गृह मन्त्रालयका सचिव टेकनारायण पाण्डेको संयोजकत्वमा छ सदस्यीय 'केन्द्रीय कमाण्ड पोष्ट' बनाउने निर्णय गरेको छ ।

गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा सोमबार गृह मन्त्रालयमा बसेको समिति बैठकले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि आवश्यक सुरक्षा रणनीति र आइपर्नसक्ने चुनौतिबारे छलफल गरेपछि केन्द्रीय कमाण्ड पोष्ट बनाउने निर्णय गरिएको हो । सिंहदरवारस्थित गृह मन्त्रालयमा भएको समिति बैठकमा निर्वाचन व्यवस्थापन, तयारी, निर्वाचन सुरक्षा योजना र सुरक्षा जनशक्ति परिचालनका विषयमा छलफल भएको गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिए ।

उक्त बैठकले गृह मन्त्रालयका सुरक्षा तथा समन्वय महाशाखा प्रमुख फणिन्द्रमणि पोखरेलको संयोजकत्वमा 'केन्द्रीय संयुक्त निर्वाचन सेल' बनाउने पनि निर्णय गरेको छ । सहसचिव पोखरेलकै संयोजकत्वमा 'गृह मन्त्रालय, निर्वाचन सेल' बनाउने निर्णय गरिएको बैठकमा निर्वाचन सम्पन्न गर्न आइपर्न सक्ने चुनौति र त्यसलाई सम्बोधन गरी समाधान गर्ने उपायका विषयमा विस्तृत रुपमा छलफल भएको थियो । बैठकले प्रत्येक प्रदेशका लागि सम्पर्क तथा समन्वयका लागि गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा रहने गरी 'प्रदेश समन्वय तथा सम्पर्क सेल बनाउने भएको छ ।

प्रदेशस्तरमा कमाण्ड पोष्ट र प्रदेश निर्वाचन सेल तथा जिल्लास्तरमा जिल्ला कमाण्ड पोष्ट र जिल्ला निर्वाचन सेल बनाउने पनि निर्णय भएको गृह मन्त्रालयले जनाएको छ । बैठकले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालयमा आवश्यकताअनुसार सांगठनिक निर्वाचन सेल बनाउन सक्ने सुझाएको छ ।

बैठकमा गृहसचिव पाण्डे, रक्षासचिव किरणराज शर्मा, नेपाली सेनाका रथी बालकृष्ण कार्की, नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख यदुलाल खरेललगायत सहभागी थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# मकवानपुरमा ८ हजार बढी मतदाता थपिए

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ मकवानपुरमा गत ३० वैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनमा भन्दा ८ हजार बढी मतदाता थपिएका छन् ।

वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा मकवानपुरमा १८ वर्ष उमेर नाघेका २ लाख ९४ हजार ९ सय १९ जना मतदाता थिए । यसमा हाल ८ हजार ६ सय ४३ जना मतदाता थपिएको बागमती प्रदेश निर्वाचन कार्यालयले जानकारी दिएको छ । मकवानपुरमा करिब ढेड महिनाको अवधिमा पुरुष मतदाता ४ हजार ५ सय १७ जना र महिला मतदाता ४ हजार १ सय २६ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएका हुन् । १ असारदेखि १९ साउनसम्म नयाँ मतदाता थपिएका थिए । ४ मंसिरमा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन घोषणा भएसँगै नयाँ मतदाता नामावली कार्य रोकिएको छ । नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउनेमा २ सय ७२ जना मकवानपुर बाहेकका जिल्लाबासी रहेको निर्वाचन कार्यालयले जानकारी दिएको छ । बाहिरी जिल्लाका दर्ता भएका २ सय ७२ जनाको नामावली सम्बन्धित जिल्लास्थित निर्वाचन कार्यालयमा पठाइने जनाइएको छ ।



# मकवानपुर र चितवनको रग्बी संघबीच दुई मैत्रीपुर्ण खेल हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ मकवानपुर रग्बी संघ र चितवन रग्बी संघबीच दुई मैत्रीपुर्ण खेल हुने भएको छ ।

मकवानपुर जिल्लामा पहिलो पटक रग्बी खेल मकवानपुर रग्बी संघ र चितवन रग्बी संघबीच दुई मैत्रीपुर्ण खेल हुने भएको हो । मकवानपुर जिल्ला रग्बी संघका अध्यक्ष लिला कुमार घलानले आगामी भदौ १० गते र ११ गते दुई जिल्लाका रग्बी संघ बीच मैत्रीपूर्ण खेल खेल्ने तय भएको जानकारी दिए । उनको अनुसार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा हुने खेलमा महिला रग्बी टिम र पुरुष रग्बी दुबै टिमले मैत्रीपुर्ण खेल खेल्नेछन् । यस अघि मकवानपुरका रग्बी टिम खेलाडी चितवन र काठमाडौंमा खेल्दै आएका थिए । अहिले मकवानपुर रग्बी टिमले नियमित प्रशिक्षण गर्दै आएको घलानले बताए ।

दुई जिल्लाका खेलाडीहरुबीच सम्बन्ध मजबुद होस् भन्ने उद्देश्यले खेल हुन लागेको उनले बताए । मकवानपुरमा रग्बी खेल खेलाउन नसकेको अवस्थामा पहिलो पटक मकवानपुरमा मैत्रीपुर्ण खेल हुन लागेको उनको भनाइ छ ।

# २६५ जनालाई विद्यालय पोसाक वितरण



साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ द सन अफ लाईट संस्थाले हेटौंडा-१५ को विश्वज्वति आधारभुत विद्यालयका २६५ जनालाई विद्यालय पोसाक वितरण गरेको छ ।

संस्थाले शिशुदेखि कक्षा ८ सम्मका गरिब तथा जेहनदार विद्यार्थीहरुलाई विद्यालय पोसाक वितरण गरेको हो । एक कार्याक्रमको बीच बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा विद्यार्थीहरुलाई विद्यालय पोसाक वितरण गरिएको संस्थाका जिल्ला अध्यक्ष कमलचन्द्र सुमनले जानकारी दिए ।

कार्यक्रममा राजु गुरुङ, विवेक शाही, प्रदिप अर्याल, लिलाकुमार घलान, विरमान घलानलगायतको सहभागिता रहेको थियो ।

# थप ७ जनामा कोरोना पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ मकवानपुरमा थप ७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

सोमबार २० जनाको पिसीआर विधिबाट र ५ जनाको एन्टीजेन विधिबाट परीक्षण गर्दा ७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो । स्वास्थ्य कार्यालय मकवानपुरलेसोमबार दिउँसो सार्वजनिक गरेको विवरण अनुसार सोमबार १४ जना कारोना संक्रमणमुक्त भएका छन् ।

अहिले मकवानपुर जिल्लामा हाल कोरोनाका १४ जना सक्रिय संक्रमित रहेका छन् ।

# युवासँग अन्र्तक्रिया, सप्ताहव्यापी कार्यक्रम समापन

साझाकुरा संवाददाता



हेटौंडा, ३० साउन/ अन्तराष्ट्रिय युवा दिवसको अवसरमा हेटौंडामा प्रदेश युवा परिषद् बागमतीद्वारा युवाहरुसँग अन्र्तक्रिया कार्यक्रम आयोजना गरिएको छ ।

सोमबार युवाहरुसँग अन्र्तक्रिया कार्यक्रम गर्दै कार्यालयले दिवसको अबसरमा आयोजना गरेको सप्ताहव्यापी कार्यक्रमको समापन पनि गरिएको छ । 'अन्तरपुस्ता ऐक्यबद्धता, सबै उमेर समूहमैत्री विश्व निर्माणमा साझा प्रतिबद्धता' भन्ने मुल नाराका साथ हेटौंडामा कार्यालयले सप्ताहव्यापी कार्यक्रम गर्दै २२ औ अन्तराष्ट्रिय युवा दिवस मनाइएको थियो ।

यसबीचमा रक्तदान, प्रभातफेरिलगायतका कार्यक्रम गरिएको थियो । युवाहरुले बागमती प्रदेशका युवा तथा खेलकुद मन्त्री रत्न प्रसाद ढकालसँग युवाहरुका समस्या, युवाहरुको सम्भावना र राज्यले गर्नुपर्ने कामका सम्बन्धमा छलफल गरिएको थियो ।

मन्त्री ढकालले युवाहरुलाई स्वदेशमै टिकाउन प्रदेश सरकारले स्वरोजगार मुलक कार्यक्रम ल्याएको बताए । प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईको सभाध्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा हेटौंडा क्याम्पसका उपप्राध्यापक अर्पण पराजुलीले विभिन्न जिल्लामा युवाहरुको विषयमा गरिएको सर्वेक्षणको प्रस्तुती गरेका थिए । कार्यक्रममा जिल्ला युवा समिति मकवानपुरका अध्यक्ष सुमन पाख्रिन, गैरसरकारी संस्था महासंघ मकवानपुरका उपाध्यक्ष रमिला सापकोटा, प्रदेश युवा परिषद्का निमित्त कार्यलय प्रमुख रमेश प्रसाद घिमिरेलगायतकाको उपस्थिति थियो ।

# तीन वटा विधेयक प्रमाणीकरण



साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ बागमती प्रदेश प्रमुख यादब चन्द्र शर्माले तीन वटा विधेयक प्रमाणीकरण गरेका छन् ।

प्रदेश प्रमुख शर्माले प्रदेशसभाबाट पारित भएका तीन वटा विधेयकहरुलाई प्रमाणीकरण गरेका हुन् । शर्माले केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक, प्रदेश सञ्चार माध्यम व्यावस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश अनुसंधान व्युरो सेवाको गठन, स्थापना, काम, कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रमाणीकरण गरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

# एमाले पहिलो पार्टी बन्छः नेता रिजाल

साझाकुरा संवाददाता

हेटौंडा, ३० साउन/ नेकपा एमालेका केन्द्रीय पोलिटव्युरो सदस्य तथा केन्द्रीय स्कुल विभाग उपप्रमुख ईश्वरी रिजालले एमाले संघीय निर्वाचनबाट सिट र जनमतमा पहिलो पार्टी हुने दावी गरेका छन् ।

नेकपा एमाले बागमती गाउँपालिकाद्वारा आयोजित प्रशिक्षण कार्यक्रममा उनले बोल्दै स्थानीय निर्वाचनमा नेकपा एमालेको सिट संख्या कमी भएता पनि जनमतमा पहिलो पार्टी भएकोले संघीय निर्वाचनबाट नै सिट र जनमतमा पहिलो पार्टी हुने दावी गरेका हुन् ।

रिजालले माधव र प्रचण्डको स्वार्थको कारण नेपालमा कम्युनिष्ट आन्दोलन विखण्डन भएको र दक्षिणपन्थी हावी देखिएको बताए ।

उनले पटक पटक नेपाली कांग्रेस सत्तामा पुगे पनि मुलुक बर्वादी भएकोले नेकपा एमालेका नेताहरू मनमोहन र केपी ओली सरकारको ९/९ महिना सरकारको सफलतालाई स्मरण गर्न जरुरी रहेको बताए ।

केन्द्रीय सदस्य तथा सांसद कृष्णप्रसाद दाहालले मुलुकको आर्थिक जर्जरतालाई अन्त्य गरी विकास, समृद्धि र संघीयतालाई सुदृढ गर्नको लागि एमालेले आगामी निर्वाचनमा जित्नुको विकल्प नभएको बताए ।

जिल्ला सचिव नवीन सिग्देलले बहुदलीय जनवादको मान्यता अनुरूप पार्टी संगठन निर्माण र परिचालनबारे प्रशिक्षण दिए ।

कार्यक्रममा प्रदेश कमिटी सदस्य अणराज जर्गामगर, पद्मा पौडेल, दिलबहादुर घिसिङ्ग, छिरिङ्ग दोर्जे पाख्रिन, नारायण सापकोटा, खेमराज जर्गा मगर, शर्मिला विक, मदनकुमार दाहाल, जिल्ला कमिटी सदस्य राजकुमार तिमल्सिना,कमल राई, सरिता विक, मदनकुमार दुरूङ्गच्याङ्ग, बकैया गाउँपालिका अध्यक्ष गोपाल दाहाल, उपस्थितिमा कार्यक्रमको पालिका कमिटीका अध्यक्ष चन्द्रबहादुर राईको अध्यक्षतामा भएको हो ।

प्रशिक्षणमा पालिका कमिटी सदस्यहरू वडा कमिटीका पदाधिकारीहरू, जनसंगठन पालिका कमिटीका पदाधिकारीहरू, निर्वाचित जनप्रतिनिधिहरू गरी १ सय २५ जनाको सहभागिता भएको पालिका सचिव मनोज नेगीले जानकारी दिए ।


सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको
वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक

**सिद्धार्थ माध्यमिक विद्यालय**

हेटौंडा- २, मकवानपुर

**सम्पर्क नम्बर**: ०५७-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

**भर्ना खुल्यो ! भर्ना खुल्यो !!**

**H.A कार्यक्रम**

**फारम बुझाने अन्तिम मिति**:
२०७९ साउन २६ गते बिहीबार बेलुका ४:३० बजे सम्म
**प्रवेश परीक्षा मिति**: २०७९ भाद्र ०४ गते विहान ११ बजे
**आवश्यक न्यूनतम शैक्षिक योग्यता**:
मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SLC/SEE) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम 'C' ग्रेड प्राप्त गरी समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त गरेको हुनुपर्नेछ ।

फारम शुल्क रु १५००/-

**नोट**:
सामुदायिक, विद्यालय अध्ययन गरेको एकल महिला, दलित, आदिबासी/जनजाती मुस्लिम, मधेसी, पिछडिएको दुर्गम वर्गमा पर्ने विद्यार्थीहरुले सोको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**

हेटौंडा-५, भैरवरोड, सम्पर्कः ०५७-५२१८५२, ९८४५०२९८१०

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू**:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**प्राइम लाइफ**

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| ०१. | १५१०००२५७१ | कंचन घिमिरे | चन्द्रपुर-०६, रौतहट |
| ०२. | १५७०००३०५२ | सोनु सुवेदी | मनहरी-०९, मकवानपुर |
| ०३. | १५७००००७१० | दशरथ राउत | मनहरी-०७, मकवानपुर |
| ०४. | १५७०००४९८९ | राम कुमार गोले | राक्सिराङ-०८, मकवानपुर |

**मकवानपुर बहुमुखी क्याम्पसमा**

**कक्षा ११ मा भर्ना खुल्यो**

समुदायको व्यवस्थापनमा सञ्चालित उत्कृष्ट शैक्षिक गन्तव्य गुणस्तरीय क्याम्पसको रुपमा प्रमाणित मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा भर्ना खुल्यो । यथाशिघ्र भर्ना भई उपयुक्त विषयको अध्ययन गरी सुन्दर भविष्य निर्माणमा अग्रसर हुन सम्पूर्ण विद्यार्थीमा अनुरोध गरिन्छ । फारम वितरण भइरहेको छ । कक्षा सञ्चालन भदौ ५ गते आइतबारदेखि हुने जानकारी गराइन्छ ।

**बिहानी समूह**: व्यवस्थापन, मानविकी, शिक्षाशास्त्र
**दिवा समूह**: विज्ञान, व्यवस्थापन



**विज्ञान संकायको प्रवेश परीक्षा साउन २४ गते दिनको १ बजे हुनेछ ।**

**मकवानपुर बहुमुखी क्याम्पस**

हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**

हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना